आज मिति २०८३/०४/२९ गतेका दिन यस मेल्लेख गाउँपालिकाका अध्यक्ष श्री ज्वाला सिं. साउँदज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैंठक तपसिलको उपस्थितिमा बसि देहायका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | ज्वाला सिं साउँद | अध्यक्ष | |
| २. | नृप बहादुर खड्का | उपाध्यक्ष | |
| ३. | दिल बहादुर धामी | वडा अध्यक्ष (१) | |
| ४. | कुशल राज बुढा | वडा अध्यक्ष (२) | |
| ५. | नौले रावल | वडा अध्यक्ष (३) | |
| ६. | चन्द्र बहादुर साउँद | वडा अध्यक्ष (४) | |
| ७. | प्रकाश बहादुर अधिकारी | वडा अध्यक्ष (५) | |
| ८. | तिलक बहादुर कडायत | वडा अध्यक्ष (६) | |
| ९. | प्रेम बहादुर महर | वडा अध्यक्ष (७) | |
| १०. | महेश ठकुल्ला | वडा अध्यक्ष (८) | |
| ११. | चंखे आउजी | का.पा. सदस्य | |
| १२. | नृपराज ताम्राकार | का.पा. सदस्य | |
| १३. | अमरिता देवी सुनार | का.पा. सदस्य | |
| १४. | डिला देवी धामी | का.पा. सदस्य | |
| १५. | लालसरा कुमारी बि.क. | का.पा. सदस्य | |
| १६. | सुनिता देवी शाही | का.पा. सदस्य | |
| १७. | धौल राम सार्की | प्रमुख प्रशासकीय अधिकृत | |

मिति:२०८३/०४/२९गते कार्यपालिका बैठका प्रस्तावहरु

(१) सार्वजनिक सुनुवाई सम्वन्धमा

(२) जिन्सी निरीक्षण अध्यावधिक सम्वन्धमा

(३) वेरुजु फछ्र्यौट सम्वन्मा

(४) संघीय विशेष अनुदान सम्वन्धमा

(५) प्रदेश विशेष अनुदान सम्वन्धमा

(६) प्रदेश र संघको सम्पूरक अनुदान रकमको ठेक्का सम्वन्धमा

(७) वार्षिक समीक्षा सम्वन्धमा

(८) विविध

(क) जिरो स्टोक औसधी र ग्रामीण अल्ट्रासाउण्ड समाग्री खरिद सम्वन्धमा

(ख) वडा न.४ वडा कार्यालय र वडा न. ५ सरानी व्रर्थिङ सेन्टरमा कार्यालय सहयोगी राख्ने सम्वन्धमा

(ग) उपाध्यक्ष कप सम्वन्धमा

निर्णय न. १-प्रस्ताव न. १मा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन२०७४को दफा ७८उपलफा (५)वमोविम मेल्लेख गाउँपालिकाको सार्वजनिक सुनुवाई २०८३/०५/०९गते गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.२-प्रस्ताव न. २मा छलफल गर्दा प्रशासन शाखा प्रमुख को संयोवकत्वमा तीन सदस्य टोली खटाई वडा कार्यालय स्वास्थ्य संस्था र पालिकाको जिन्सी निरीक्षण गरि लगत अध्यावधिक गरि भाद्र मसान्त सम्म प्रतिवेदन पेश गर्न लगाउने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.३-प्रस्ताव न. ३मा छलफल गर्दा म.ले.प. प्रतिवेलनले औल्याएका वेरुजु रकम घटाउन आवश्यक कागजात तयार गर्न तथा गर्न लगाउन आर्थिक प्रशासन शाखा प्रमुखको संयोजकत्वमा योजना शाखा र पूर्वाधार शाखा सदस्य रहने गरि तीन सदस्य कार्य दल वनाउने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.४-प्रस्ताव न.४मा छलफल गर्दा संङघीय विशेष(पूजिगत)उन्नत तथा हाईव्रिड फार्मिङ आलु खेती मेल्लेख वडा न. १ र ३ का लागि विनियोजित रकम रु ६००००००(साठी) लाख दुवै वडा लाई तीस/तीस लाख दिने । ३० लाखमा २० लाख फलाम टनेल,सिचाई, पलाष्टिक पोखरी, र अन्य आवश्यक कुरा र रु १० लाख वाट विउ,मल र अन्य आवश्यब समाग्री खरिद मा खर्च गर्न पाउने गरि कृषि शाखालाई आवश्यक प्रकृया अघि वढाउन निर्देशन लिने तथा एउटै वडामा उक्त रकम खर्च हुन नसकेमा तोकिएको आर्को वडामा रकम माँगको आधारमा दिन सकिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.५-प्रस्ताव न ५मा छलफल गर्दा प्रदेश विशेष अनुदानमा आधारभूत तथा माध्यमिक शिक्ष व्यवसायिक शीपमूलक तालिममा विनियोजन रकमरु २०५०००० वाट देहायका विद्यालयहरुमा देहाय वमोजिमका व्यवसायिक शीपमूलक तालिम सञ्चालन गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

तपसिल

(क)-चण्डिका मा.वि.वडा न. १ मा कम्प्यूटर तालिम रकम रु ५०००००/-

(ख)-पिपलचौर मा.वि.वडा न.३ मा वेकरी तथा हस्पिटालिटी रकम रु ५०००००/-

(ग)-वासुकी मा.वि( वडा न.४मा डिजिटल मार्केटिङ रकम रु ५५००००/-

(घ)-कालिका मा.वि. हात्तिकोट वडा न.८मा मोवाईल मर्मत तालिम रकम रु ५०००००/-

निर्णय न. ६-प्रस्ताव न( ५मा छलफल गर्दा संङ्घीय शर्शर्त अनुदान अन्तर्गत व्यवसायिक फलफूल खेति मा विनियोजन रकम ७७५००० वाट वडा न. ६ मा किवि, जुनार(मौसमीं) र कागति खेतिका लागि आवश्यक प्रकृया अघि वढाउन कृषि शाखालाई निर्देशन लिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.७-प्रस्ताव न.६मा छलफल गर्दा संङ्घीय सम्पूरक र प्रदेश सम्पूरक अनुदान अन्तर्गतका योजनाहरु आवश्यक प्रकृया पुरा गरि भाद्र मसान्त सम्म ठेक्का सम्झौता गर्न प्राविधिक शाखालाई निर्देशन दिने पर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.८-प्रस्ताव न.७मा छलफल गर्दा गत आ.व.२०८२/०८३ को शाखागतरुपमा वार्षिक समीक्षा गोष्ठी मिति २०८३/०५/०८ गते सोमवार गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.९(क) प्रस्ताव न.९(क)मा छलफल गर्दा स्वास्थ्य शाखाको माँग वमोजिम अति आवश्यक पर्ने जिरो स्टोक औसधी र ग्रामीण अल्ट्रासाउण्ड का लागि आवश्यक पर्ने समाग्री खरिद गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.९(ख)-प्रस्ताव न.९(ख) मा छलफल गर्दा मेल्लेख गाउँपालिका वडा न.४ को वडा कार्यालय कार्यालय सहयोगी रिक्त दरवन्दी र वडा न. ५ सरानी नयाँ वर्थिङ सेन्टरमा १जना कार्यालय सहयोगी आवश्यक रहेकोले आवश्यक प्रकृया पुरा गरि कार्यालय सहयोगी करारमा पदपूर्ति गर्न वडा कार्यालयलाई नै अधिकार लिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.९(ग)-प्रस्ताव न९(ग)का छलफल गर्दा वडा न.७ मा हुने उपाध्यक्ष कप खेलकुका लागि खेलकुद शिर्षकवाट रु १०००००(एक)लाख लिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।